मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ४१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ पुस १३ गते सोमवार (Monday, December 28. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

**सूचना**

- सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## मुख्यमन्त्री राईबिरुद्ध अविश्वासको प्रस्ताव दर्ता

### तीन मन्त्रीले दिए राजीनामा



**झापा, पुस १२।** प्रदेश नम्वर १का आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्वोलाई मुख्यमन्त्री शेरधन राईले बर्खास्त गरेको भोलिपल्टै मुख्यमन्त्री राईविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएको छ।

अविश्वासको प्रस्तावमा मुख्यमन्त्री राईलाई दलको नेताबाट पनि हटाउन प्रस्ताव गरिएको छ। उक्त प्रस्तावमा ३७ जनाको हस्ताक्षर रहेको छ।

९३ सदस्य रहेको प्रदेशसभामा नेकपाको ६७ जना सदस्य छन्। पार्टी विभाजनपछि ओली समूहमा १९ र प्रचण्ड-माधव समूहमा ४८ जना सदस्य छन्। ३७ जनाले हस्ताक्षर गरेसँगै मुख्यमन्त्री राईले दलको नेतामा पनि स्पष्ट ढंगले बहुमत गुमाएका छन्। अविश्वासको प्रस्तावमा अबको मुख्यमन्त्रीमा भीम आचार्यलाई प्रस्ताव गरिएको छ। उक्त प्रस्तावको प्रस्तावक इन्द्रबहादुर आङ्बो र समर्थकमा लछुमन तिवारी रहेका छन्।

प्रदेशसभामा अन्य दलहरु नेपाली कांग्रेसको २१, जसपाको ३, संयुक्त लोकतान्त्रिक राष्ट्रिय मञ्चको १ र राप्रपाको १ जना सदस्य छन्।

यसैबीच प्रदेश १ सरकारका तीन मन्त्रीले राजीनामा दिएका छन। प्रतिनिधिसभा विघटनको प्रतिगामी कदमको समर्थन गर्ने मुख्यमन्त्रीको नेतृत्वमा बस्न नैतिकताले नदिएको भन्दै तीन मन्त्रीले आइतबार बिहान राजीनामा दिएका हुन्। सामाजिक विकास मन्त्री जीवन घिमिरे, सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेर र उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री विजय विश्वासले राजीनामा दिएका हुन्।

(बाँकी अन्तिम पृष्ठमा)

### प्रदेश प्रमुखद्वारा बैठक आव्हान

**बिराटनगर, पुस १२।** प्रदेश नं. १का प्रमुख सोमनाथ अधिकारी 'प्यासी'ले प्रदेशसभाको सातौं तथा हिउँदे अधिवेशनको बैठक आगामी माघ ७ गते अपरान्ह २ बजे बस्ने गरी आव्हान गरेका छन्।

प्रदेश प्रमुख अधिकारीले नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम बैठक आह्वान गर्नुभएको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता नरेन्द्रकुमार श्रेष्ठद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

प्रदेशसभाको छैटौं तथा बजेट अधिवेशन गत साउन ९ गते अन्त्य भएको थियो। यसअघि प्रदेश नं. १को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को आइतवार बसेको बैठकले सो दिनका लागि बैठक बस्न सिफारिस गरेको आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्कीका स्वकीय सचिव रवि खनालले जानकारी दिए।

## गैरनेपालीलाई नागरिकता दिएको आरोपमा अधिकृतसहित तीन जना पक्राउ





**झापा, पुस १२।** गैरनागरिकलाई नागरिकता वितरण गरेको आरोपमा इलाका प्रशासन कार्यालय गौरीगञ्जका प्रमुख धनञ्जयकुमार साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ। उनलाई शनिबारसाँझ जिल्ला प्रहरी कार्यालय झापामा बोलाएर नियन्त्रणमा लिइएको हो।

तीन जना गैरनेपालीलाई नागरिकता बनाइदिएको आरोपमा उनीसँगै अरु दुई जनालाई समेत प्रहरीले पक्राउ गरेको हो। पक्राउ पर्नेमा सहयोगी कर्मचारी आसिर आलम र गौरादह नगरपालिका-७का स्थानीय कृष्ण तिम्सिना रहेका छन्। तिम्सिना वडा कार्यालयमा लामो समयदेखि बिचौलियाको काम गर्दै आएका थिए।

प्रशासन कार्यालय झापाको आदेशमा प्रहरी कार्यालयबाट खटिएका प्रहरी निरीक्षक नेतृत्वको टोलीले उनीहरूलाई शनिबार बेलुका पक्राउ गरी जिल्ला ल्याएर किर्ते नागरिकताको विषयमा थप अनुसन्धान थालेको छ। गौरादह नगरपालिका-७ नम्बर वडा कार्यालयको किर्ते छाप र वडा अध्यक्ष बलराम खरेलको किर्ते हस्ताक्षर गरी तीनजना गैरनेपालीलाई नागरिकता प्रमाणपत्रका लागि सिफारिसको कागजात बनाइएको थियो। करिब एक महिनाअघि भएको किर्ते नागरिकताको घटना विषयमा वडाध्यक्ष खरेलले सूचना पाएका थिए।

त्यसपछि वडाध्यक्ष खरेलले सो विषयमा छानबिनका लागि गोप्य रुपमा अनुसन्धान विभागका एक कर्मचारीलाई अनुरोध गरेका थिए। किर्ते नागरिकताको विषयमा खोज्दै जाँदा सर्वधन राई नाम गरेको व्यक्तिले सनाखत गरेको देखिन्छ। राईले नक्कली बाबु बनेर छोराहरू विशाल राई, अमृत राई र छोरी दीपिकाका नाममा नागरिकता अनुसूचीमा सनाखत गरेको देखिन्छ। नागरिकताको अनुसूची १मा कार्तिक २७ गते वडा कार्यालयबाट लगिएको तर कार्यालयमा त्यसको कुनै अभिलेख नभएको वडाध्यक्ष खरेलले बताए। खरेलले भने- कात्तिक २७ गते आफूले नागरिकताका लागि कुनै व्यक्तिलाई पनि सिफारिस गरेको छैन।

'कात्तिक २८ गते ती नाम गरेका मानिसहरूले काठमाडौँमा पासपोर्टका लागि वडा कार्यालयमा कागजात पेश गरेपछि उनीहरूको नागरिकतामाथि शंका लागेको हो'- वडाध्यक्ष खरेलले भने- 'त्यसपछि घटनाको विषयमा इलाका प्रशासन कार्यालय गौरीगञ्जमा पुगेर घटनाको आन्तरिक छानबिन शुरु गरेको थियो।'

उक्त विषयमा अनुसन्धान विभागलाई पनि जानकारी गराइएको थियो। 'नक्कली बाबु बनेर सनाखत गरेका राई र उनका छोराछोरी मेरा वडाका बासिन्दा नै होइनन्। उनीहरूले बनाएको किर्ते नागरिकतामा ठेगाना पुरानो जुरोपानी गाविस वडा नम्बर ८ खुलाइएको छ'- उनले भने।

**प्रहरीले छानबिन गर्दैछ : प्रजिअ तिम्लिसिना**

घटनाको विषयमा प्रहरी कार्यालय झापाले केही खुलाउन चाहेको छैन। जिल्ला प्रशासन कार्यालय झापाले किर्ते नागरिकता घटनाको विषयमा अनुसन्धानको लागि प्रहरी कार्यालय झापालाई पत्राचार गरिसकेको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्लिसिनाले बताए। घटनाको अनुसन्धानका लागि प्रहरीलाई अधिकार दिइसकेका छौं'- प्रजिअ तिम्लिसिनाले भने- 'अहिले नै केही भन्न मिल्दैन, अनुसन्धान सकिएपछि कुरा बाहिर ल्याउँछौं।

किर्ते नागरिकताको विषयमा उनीहरूमाथि उजुरी परेपछि सिआइबीमार्फत प्रहरीले अनुसन्धान थालेपछि प्रहरीले उनीहरूलाई पक्राउ गरेको सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीले बताए। यता प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले घटनाको विषयमा अनुसन्धान भइरहेको बताएका छन्। 'अनुसन्धान सकिए लगत्तै सबै विवरण मिडियालाई दिन्छौं'- उनले भने।

## देवीदेवताका मूर्ति बरामद



**झापा, पुस १२।** झापाको मेचीनगर-६ नकलबन्दा हुँदै भारततर्फ निकासी गर्दै गरेको विभिन्न देबीदेवताका १६ थान मूर्तिसहित ९७ थान दियो प्रहरीले आइतवार बरामद गरेको छ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाको विशेष टोलीले नकलवन्दा

(बाँकी अन्तिम पृष्ठमा)

### निर्माणाधीन प्रहरी भवन

## समय सकियो, काम सकिएन

**लक्ष्मी उप्रेती**

**मेचीनगर, पुस १२।** एक वर्षभित्रमा निर्माण सम्पन्न गर्ने गरी दुई वर्ष अघि १ नम्बर प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मतकुमार कार्कीले शिलान्यास गरेको इलाका प्रहरी कार्यालय काँकरभिट्टाको भवन अझै अधुरो छ।

शिलान्यास गरेको समयदेखि एक वर्षभित्रमा निर्माण सक्ने भन्दै २०७५ साल चैत १९ गते मंगलबार मन्त्री कार्कीले उक्त भवनको शिलान्यास गरेका थिए।

१ नम्बर प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयको बजेटबाट ३ करोड ६२ लाख ४५ हजार ४ सय ५ रुपैयाँमध्ये २ करोड ५० लाख ७४ हजार ९ सय ४ रुपैयाँमा याक्थुङ्गहाङ एसएएस पुष्कर जे/भी निर्माण कम्पनीसँग भवन निर्माण गर्ने ठेक्का सम्झौता भएको थियो। २०७६ बैशाख २ गते सम्झौता भएको र २०७७ बैशाख १९ गते निर्माण कार्य सम्पन्न गर्ने उल्लेख छ। तर, सम्झौतामा उल्लेखित समय आठ महिना वितिसक्दा पनि भवनको निर्माण सम्पन्न भएको छैन।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाको भवन निर्माण कार्य आयोजनाको नाम भए पनि कार्यालय भवन, हिरासत र शौचालय तथा सेफ्टी ट्याङ्की, महिला तथा पुरुषका लागि हिरासत, स्नान गृहसहित अत्याधुनिक भवनको निर्माण कार्य शुरु भएको थियो।

अढाई तले र २२ कोठे पक्की भवनको करिव ६०देखि ६५ प्रतिशतमात्र काम सम्पन्न भएको एकजना प्रहरी अधिकारीले बताए। कोराना भाइरसको संक्रमणका कारण निर्माण कार्यमा समस्या देखिएको भन्दै ६ महिनाको समय अवधि थप गरिएको बताइएको छ। थप गरिएको समय बित्न लाग्दा पनि भवन पूर्णरुपमा निर्माण भइ नसक्ने अवस्था छ। याक्थुङ्गहाङ एसएएस पुष्कर जे/भी निर्माण कम्पनीका प्रतिनिधि योगेन्द्र खड्काका अनुसार अब भवनको झ्यालढोका, रंगरोगन टायल्सलगायतको काम बाँकी छ। यसका लागि समय थप्नुपर्ने हुन्छ।

## वीरता जेसीजको ४०औं साधारणसभा





**बिर्तामोड, पुस १२।** वीरता जेसीजको ४०औं साधारणसभा तथा शाखा अधिवेशन बिर्तामोडमा आइतबारदेखि शुरु भएको छ।

वीरता जेसीजका अध्यक्ष मिजास पोखरेलको अध्यक्षता तथा पूर्व अध्यक्ष टोरुप प्रसाईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यकारिणी उपाध्यक्ष घनश्याम चौधरीले स्वागत गरेका थिए। वीरता जेसीजका तालिम संयोजक लोकचन्द्र श्रेष्ठ (एलसी)ले जेसीजको मिसन भिजन बाचन गरेको कार्यक्रममा कोषाध्यक्ष प्रकाश सुवेदीले आस्था वाचन गरेका थिए।

कार्यक्रममा वीरता जेसीजका पूर्वअध्यक्ष तथा शाखा अधिवेशन निर्देशक राजेन्द्र चौलागाइँ, नेपाल जेसीजका पूर्वउपाध्यक्ष तथा वीरता जेसीजका पूर्वअध्यक्ष प्रशान्त भण्डारी, वीरता लेडी जेसीजकी अध्यक्ष सुस्मा पौडेल, बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष कुमार भट्टराईलगायतले बोलेका थिए।

सोही कार्यक्रममा विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको

(बाँकी अन्तिम पृष्ठमा)

### सरकारी छाप दस्तखत किर्ते मुद्दाका फरार प्रतिवादी पक्राउ

**मोरङ, पुस १२।** सरकारी छाप दस्तखत किर्ते मुद्दाका फरार प्रतिवादी विराटनगर महानगरपालिका-१४ बस्ने ३८ वर्षीय तुलसी महतोलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

जिल्ला अदालत मोरङको २०६७ असोज १३ गतेको फैसलाले सरकारी छाप दस्तखत किर्ते मुद्दामा १ बर्ष कैद सजाय भई फरार रहेका महतोलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले बिराटनगर महानगरपालिका-८ जिल्ला अदालत छेउबाट पक्राउ गरेको हो।

**हार्दिक बधाई**



संयुक्त सुनौलो यातायात व्यवसायी प्रा.लि.का निर्देशक **पुकार कार्की** अनेरास्ववियु केन्द्रीय सदस्य पदमा सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं।

**सञ्जोक अधिकारी** प्रबन्ध निर्देशक — **जयकिसन थापा क्षेत्री** अध्यक्ष

एवम् **पौरवी यातायात एण्ड अटो प्रा.लि.**

मेचीनगर-६, काँकरभिट्टा, झापा

**हार्दिक बधाई**



संयुक्त सुनौलो यातायात व्यवसायी प्रा.लि.का निर्देशक **पुकार कार्की** अनेरास्ववियु केन्द्रीय सदस्य पदमा सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं।

**राजकुमार सुवेदी** उपाध्यक्ष — **अनिल गुप्ता** क्यू संयोजक — **भूपाल कार्की** अध्यक्ष

एवम् **संयुक्त सुनौलो यातायात व्यवसायी प्रा.लि.**

मेचीनगर-६, काँकरभिट्टा, झापा

**कर्मचारी आवश्यकता**

दमकस्थित एक प्रतिष्ठित कन्सलटेन्सीका लागि निम्न पदका लागि कर्मचारी आवश्यकता परेकोले इच्छुक नेपाली नागरिकले तु-सम्पर्क गर्नुहोला।

१) **रिसेप्सनिष्ट**
योग्यताः +२ परीक्षा दिएको।
तलबः १० हजारदेखि १२ हजारसम्म

२) **IELTS Teacher**
योग्यताः कम्तीमा IELTS मा 7 Score भएको

३) **Manager**
योग्यताः कम्तीमा Bachelor degree पास
तलबः आकर्षक (कम्पनीको नियम अनुसार)

**Education & Migration Corner Damak Pvt.Ltd.**
Damak, Jhapa (Mob: 9851244983)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक OPD, क्षारसुत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारका लागि **सम्पर्क** : ९८०६०००३१३/०२३-५९०१६६

**पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन**
पहिले ०२३-५६१००३/ ५६००८८ — अहिले ०२३-५३१००३/ ५३००८८

# भीमसेन साकोसको ११औं सभा

**सुरुङ्गा, पुस ११।** भीमसेन बचत तथा ऋण सहकारी संस्था लिमिटेड कनकाई-३ सुरुङ्गाको ११औं साधारणसभा सम्पन्न भएको छ।

सञ्चालक समिति अध्यक्ष नरेन्द्रकुमार श्रेष्ठको अध्यक्षता र कनकाई नगरपालिका वार्ड नं. ३का वार्ड अध्यक्ष रुद्रप्रसाद चिमरियाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अध्यक्ष श्रेष्ठले आ.व. २०७६/०७७को समीक्षा र आ.व. २०७७/०७८ को कार्ययोजना समेटिएको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। झापा जिल्लाको कनकाई नगरपालिका, शिवसताक्षी नगरपालिका र झापा गाउँपालिका सेवाक्षेत्र भएको सो संस्थामा हाल १ सय ७९ महिलासहित ४ सय ८१ जना शेयर सदस्य रहेका छन्।

संस्थाका उपाध्यक्ष रत्नकुमार श्रेष्ठको स्वागत मन्तव्य रहेको कार्यक्रममा सुरुङ्गा कनकाई साकोसकी व्यवस्थापक लीला खवास, सहकारी अभियन्ता प्रयागराज काफ्ले, शिक्षाकर्मी तीर्थराज खरेल, संस्थाका सल्लाहकार संयोजक भरतकुमार श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए।

दोमुखा बहुउद्देश्यीय सहकारी संस्था सुरुङ्गाकी उपाध्यक्ष गोमा निरौला(ढुंगेल) को विशेष आतिथ्य रहेको कार्यक्रम संस्थाका सचिव कमलप्रसाद भट्टराईले सञ्चालन गरेका थिए। कार्यक्रममा कुमार पाठक, मीनकुमार प्रधान, काजी पाठक, चन्द्रकुमारी राई, पुरुषोत्तम ढकाल लगायतको आतिथ्य रहेको कार्यक्रममा शेयर सदस्यहरुको प्रतिनिधिमूलक सहभागिता रहेको थियो।

साधारणसभाको बन्दसत्रमा अध्यक्ष श्रेष्ठद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन र लेखा समिति संयोजक तेजु प्रधानद्वारा प्रस्तुत लेखा प्रतिवेदन सर्वसम्मत पारित गरिएका थिए।

# जबरजस्ती करणी अभियोगमा पक्राउ

**भोजपुर, पुस १२।** १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रामप्रसादराई गाउँपालिका-६ खोलाखर्क बस्ने २८ वर्षीय प्रकाश पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ।

पाण्डेले ती बालिकालाई पुस ४ गते ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी मानेभञ्ज्याङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## देवी ...

नाका हुँदै भारततर्फ लैजाँदै गर्दा चाँदी र तामाको लेपन लगाएका सरस्वती, दुर्गा र भगवान गौतमवुद्धका मूर्ति बरामद गरेको हो। बरामद गरिएका मूर्तिको मूल्य एक लाखदेखि ८ लाख रुपैयाँसम्म पर्ने बताइएको छ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेलका अनुसार पुरातात्विक विभागले यसको बेचबिखनमा रोक नलगाएको भए पनि लुकिछिपी अवैधरुप कारोवार भएको पाइएपछि पक्राउ गरिएको हो।

## मुख्यमन्त्री ...

**सामना गर्न तयार**

मुख्यमन्त्री राई निकट मानिएका प्रदेश सांसद एवम् प्रदेशसभामा नेकपाका प्रमुख सचेतक बुद्धिकुमार राजभण्डारीले हिम्मतका साथ उक्त प्रस्तावको सामना गर्ने बताएका छन्। उनले भने- 'प्रदेशसभाको बैठक बोलाउने तयारी भइसकेको छ, हामी त्यहाँ त्यसबारे छलफल गर्न तयार छौँ, अविश्वास प्रस्ताव आउँदैमा डराउने कुरा हुँदैन।'

**मगरद्वारा कित्ता परिर्वतन**

पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपाल समूहका भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री रामबहादुर मगर नेकपाको केपी ओली समूहमा लागेका छन्।

आइतबार मुख्यमन्त्री राईबिरुद्ध अविश्वासको प्रस्ताव दर्ताका लागि प्रचण्ड-नेपाल समूहका सामाजिक विकासमन्त्री जीवन घिमिरे, सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेर र उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री विजय विश्वासले राजीनामा दिए पनि राज्यमन्त्री मगरले दिएनन्। मगर पूर्व एमाले हुँदा झलनाथ खनाल निकट नेता हुन्। उनी कित्ता नै परिर्वतन गर्दै ओली समूहमा लागेका हुन्।

## वीरता ...

संक्रमणको समयमा संक्रमितहरुको स्वाव परीक्षणमा अग्रसर भएको भन्दै मेची प्रादेशिक अस्पताल भद्रपुरका वरिष्ठ ल्याव एशिष्टेन्ट धनकुमार राई र कनकाई पीसीआर ल्यावका इञ्चार्ज शान्तिराम पोखरेललाई सम्मान गरिएको थियो।

कार्यक्रममा वीरता जेसीजका निवर्तमान अध्यक्ष विशाल थापा, पूर्व अध्यक्षहरु रामलोचन न्यौपाने, एकराज गिरी, उमेश भारती, किरण श्रेष्ठ, मानार्थ सदस्य बसन्त रिमाल लगायतको आतिथ्य रहेको थियो।

वीरता जेसीजका अध्यक्ष पोखरेलले वीरता जेसीजले सन् २०२० गरेका कार्यहरुको बारेमा जानकारी गराएको कार्यक्रमको सञ्चालन महासचिव विकास बस्नेतले गरेका थिए।

त्यस्तै अधिवेशनको आइतवार नै शुरु भएको वन्द सत्रले महासचिव बस्नेतले प्रस्तुत गरेको प्रतिवेदन, कोषाध्यक्ष प्रकाश सुवेदीले प्रस्तुत गरेको प्रतिवेदन र एम्बुलेन्स सञ्चालन समितिका अध्यक्ष राजेन्द्र चौलागाईंले प्रस्तुत गरेको एम्बुलेन्सको प्रतिवेदन पारित गरिएको थियो।

कार्यक्रममा सन् २०२१का लागि हुने नयाँ कार्यसमितिका उम्मेदवारहरुलाई तालिम समेत प्रदान गरिएको थियो।







# कर्मचारी आवश्यकता

**थर्मोप्लास्टिक रोड पेन्टिङ गर्ने तपसिल अनुसारका कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।**

**आवश्यक संख्या**

**काममा दक्ष प्राविधिक- १ जना**

**सहयोगी सहायक- १ जना**

**ट्याक्टर ड्राइभर- ३**

**तलबः आपसी समझदारीमा आकर्षक खान/बस्नको समेत सुविधा छ।**

**झापाली विल्डर्स**

**फोन नं. ९८०१४०५२९९, ९८५१०५१२१८**



# सूचना ! सूचना !! सूचना !!!

**श्री सृजनशील बचत तथा ऋण सहकारी संस्था र श्री ग्लोबल कृषि सहकारी संस्था एकीकरण भए पश्चात, संयुक्त साधारणसभा यही मिति २०७७।०९।२३ गते विहीवारका दिन हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई यही सूचनालाई आधारमानी अनिवार्य उपस्थितिका लागि अनुरोध छ।**

**मितिः २०७७।०९।२३ गते विहीवार**

**स्थानः संस्थाको कार्यालय, बिर्तामोड-१, झापा**

**स्थानः दिनको १२ बजे**

***नोटः कोभिड-१९को कारणले गर्दा २०७७।०९।१४ गतेबाट उपस्थिति पुस्तिका खुल्ला रहेको जानकारी गराउँदछु।***



# सेवाग्राहीहरुमा अनुरोध

**यस अनारमनी वितरण केन्द्र र अन्तर्गतका कार्यालयहरुमा पुराना श्री फेज मिटरहरुलाई स्मार्ट मिटरमा बदली गर्नु पर्ने भएकोले श्री फेज जडान भएका ग्राहकहरुले आवश्यक सहयोग गरिदिन हुन हार्दिक अनुरोध गरिन्छ।**

**नेपाल विद्युत् प्राधिकरण**

**अनारमनी वितरण केन्द्र, विर्तामोड, झापा**



# वितरक चाहियो

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोडका केही भाग र लक्ष्मीपुरबाट दुर्गापुर-चम्पापुर सिमसारका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।

नोटः साइकल भएको २ जना, पाँच/पाँच हजार सेलरी।
मोटरसाइकल भए १ जना मात्र दश हजार सेलरी।

**सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००**








# Vacancy Announcement

**East Horizon I Tech Pvt Ltd** Is hiring tech enthusiasts who are willing to work for an IT firm with a bit of industry experience.

**Job Description:**
1) Full stack Developer
2) Front End Developer
3) Backend Developer
4) UI/Ux designer
5) Flutter developer.
6) Database Engineer

**Job Qualification :**
1) [redacted]dge in React, Vue .
2) [redacted] MVC and entity framework.
3) [redacted]edge in web Technology : HTML5, Ajax, C[redacted].
4) [redacted] DevOps and microservice architecture.
5) [redacted] SQL quarits .
6) [redacted] software development life-cycle for web b[redacted]tions .
7) [redacted]lytical and problems solving skills and k[redacted]OOP's.
8)A[redacted]le pressure and should be a team player.
9) [redacted] can apply .

[redacted]nterested candidates should send their C[redacted] ***vacancy@easthorizonitech.com*** , e[redacted]h@gmail.com not later than 1st january.

**[redacted]ct: 9862681142,9824904892**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन [redacted]प्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी [redacted] ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञा[redacted]४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय


# स्थिरता गुम्ने खतरा बढ्यो

**विश्वास–अविश्वासको हावा अब केन्द्रबाट प्रदेशमा सर्न थालेको छ । ऐतिहासिक जनमत प्राप्त गरेको भनिने नेपाल कम्युनिष्ट पार्टीभित्रको कलह डढेलो झैं फैलिँदै गएको छ । त्यसको तापमा प्रदेश पनि बल्न थालेको देखिन थालेको छ । केन्द्रीय कमिटीमा दुई अध्यक्षका बीच भएको असमझदारीले अलग–अलग पार्टी र अलग–अलग दाबी गर्दै हुर्किएको विवाद अन्ततः प्रदेश नम्बर १ मा आइपुगेको छ । मुख्यमन्त्री शेरधर राईले अर्थमन्त्री इन्द्रबहादुर आङ्बोलाई पदमुक्त गरेको भोलिपल्टै अर्थात् आइतबार दाहाल–नेपाल समूहका पक्षबाट प्रदेश संसदमा अविश्वास प्रस्ताव दर्ता गरिएको छ । यो सँगै प्रदेशका मन्त्री जीवन घिमिरे, राज्यमन्त्री विजयकुमार विश्वास र राज्यमन्त्री जसमाया गजमेरले पदबाट राजीनामा दिए र मुख्यमन्त्रीविरुद्ध विश्वासको प्रस्ताव दर्ता गरियो ।**

**अब ढिलो–चाँडो केन्द्रमा बलेको राजनीतिक आगोको रापले गाउँसम्मै पोल्ने निश्चित छ । उता वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलविरुद्ध पनि अविश्वासको प्रस्ताव दर्ता भइसकेको छ भने अन्य प्रदेशहरुमा पनि 'ओली कि दाहाल' भन्ने अंकगणीय खेल शुरु भइसकेको छ । गण्डकी बाहेकका प्रदेशहरुमा प्रम केपी ओली पक्ष बहुमत जुटाउने कसरतमा लागेको छ भने दाहाल पक्ष पनि आफ्नो उपस्थिति बलियो बनाउन जुटेको छ । यस्तो तानातानको स्थिति र अवस्थाले स्थिरताको जग त हल्लिएको छ नै सँगैसँगै अन्यौल र अनिश्चितताको समेत उदय भएको छ । संसदीय व्यवस्था र परम्परामा विश्वास–अविश्वासको विषय सामान्य ठानिएला, तर हामी भर्खरै स्थापित शासन व्यवस्थाभित्र स्थिरता, शान्ति र समृद्धिको अपेक्षा गर्दैथियौं । यसबीचमा उत्पन्न प्राकृतिक विपत्ति र कोरोना आतंकबाट निजात हुन खोज्दै थियौं । यस्तो बेला अभिभावकहरु नै आफू–आफू लड्न थालेको परिदृष्यले जनता रनभुल्लमा पर्नु स्वभाविक नै हो ।**

**कुनै एक व्यक्तिको लहडको भरमा सिंगो देश अनिर्णित र गतिहीन हुनुहुँदैन । तर, हामीले भोगेको सत्य यही हो कि सत्तारुढ व्यक्ति सत्ता बाहिर बस्नै रुचाउँदैन । त्यही स्वार्थले कटुता उत्पन्न गराउँछ, कटुताले विद्रोह र संघर्ष । नेतृत्वमा हुर्किएको यही मानसिकताले जनताका इच्छा, आकांक्षा र सपना असरल्ल पोखिन्छन् जो खासगरी राजनीतिक दलका निम्ति घातक मात्र होइन प्रत्युत्पादक नै बन्न पुग्छ । केन्द्रको झगडा प्रदेशमा त आइसक्यो अब गाउँ पुग्न के बेर ! यसै पनि सरकारको पक्ष–विपक्षमा सडकमा चाप बढ्दैछ, राँको सल्किँदैछ, जिन्दावाद–मुर्दावाद उरालिँदैछ। यस्तो अवस्था कम्तीमा जनताको पक्षमा हुँदैन र दलको अनुकूल पनि बन्दैन, हेक्का राखे राम्रो ।**

# माओत्सेतुङबाट नेपालीले के सिक्ने ?



तीर्थराज खरेल

यस वर्षको २६ डिसेम्बरमा १२८औं माओ जयन्ती विश्वभर धुमधामका साथ मनाइयो। यस दिन सिंगो मानवजगत परिवर्तनका लागि माओका योगदानको चर्चाका साथै माओलाई एक विलक्षण क्रान्तिकारी प्रतिभाको रुपमा स्मरण गरिन्छ। मार्क्सवादका सच्चा अनुयायीका रुपमा माओलाई लिने र उनले अघि सारेका विचारलाई सिद्धान्तको रुपमा मानेर माओवादको रुपमा बुझ्नेको पनि संसारभरमा ठूलो संख्या छ। मानिसले मानिस माथि गर्ने सबैखाले अन्याय र उत्पीडनको अन्त्यका लागि माओले पुऱ्याएका योगदानलाई विश्वभरका श्रमजीवी तथा मजदुरहरुले यस दिनमा स्मरण, मनन् र प्रयोगमा लैजाने प्रण पनि गर्दछन्।

माओलाई एक सच्चा मार्क्सवादी विचारक, एक दार्शनिक, राजनीतिक तथा क्रान्तिकारी सिद्धान्तकारका रुपमा संसारले स्मरण गर्ने गर्दछ। वास्तवमा माओको जन्मजयन्ती मनाउनु भनेको उनको विचारको रक्षा र विकासको कुरा पनि हो। त्यो मूलतः सर्वहारा वर्गीय विचार हो। मार्क्सवाद-लेनिनवादको थप विकासका क्रममा माओले दर्शनका क्षेत्रमा अन्तरविरोधहरुको नयाँ ब्याख्या, दीर्घकालीन जनयुद्धको सिद्धान्त प्रतिपादन, नयाँ जनवादी सत्ताको निर्माण र गुरिल्ला जनसेना निर्माण तथा त्यसको नयाँ प्रयोग गरे। यसका साथै, मुख्य दुश्मनका विरुद्ध मोर्चा निर्माण र त्यसको कुशलतापूर्वक प्रयोग, वार्ता र लडाइँको द्वन्द्वात्मकताको सही बोध र सफल प्रयोग गरे। जनवादी राज्य व्यवस्थाको समाजवादी राज्य व्यवस्थामा रुपान्तरणका लागि मुख्य गरी नेतृत्व रुपान्तरणको गहिरो ख्याल गर्दै महान सर्वहारा सांस्कृतिक क्रान्तिको सिद्धान्त प्रतिपादन गरे। माओले मार्क्सको वर्गसंघर्षको सिद्धान्तलाई चिनियाँ देश, काल र परिस्थितिमा सफलतापूर्वक प्रयोग गरे। प्रयोगका क्रममा मार्क्सवादी विचार सिद्धान्तलाई थप अर्को नयाँ उचाइमा विकसित गरे।

च्याङ्ग काईशेकको नेतृत्वको अर्धसामन्ती, अर्धपूँजीवादी व्यवस्था र अमेरिकी तथा जापानी साम्राज्यवादको दबदबाविरुद्धमा अढाइ दशक लामो दीर्घकालीन जनयुद्धको बलमा पेकिङ्गको तियनम्यान स्क्वाएरमा हँसिया-हतौडा झण्डा फर्फराउन सफल भए सर्वहारावर्गका नेता माओत्सेतुङ (१८९३-१९७६)। चीन स्वतन्त्र भएदेखि नै चिनियाँ कम्युनिष्ट पार्टीमा चलेका घनघोर आन्तरिक संघर्षको क्रममा माओको निधनपछि शक्तिशाली बनेका देंगजियाओपिंगले आधुनिक चीन निर्माण गर्न पुँजीवाद र साम्यवादका खासखास पक्षलाई मिलाएर चिनियाँ मोडलको समाजवादको खाका कोरेर समग्र चीनलाई अलग्गै बाटो दिए। माओ र देंगको योगदानको बलमा संसारकै सबभन्दा शक्तिशाली राष्ट्र बन्ने बाटोमा चीन अघि बढिरहेको परिप्रेक्ष्यमा निकटतम छिमेकी भएर नेपालले आफ्नो प्रगतिका लागि केही न केही सिक्न आवश्यक छ। सिक्नु भनेको अन्धानुकरण होइन, सृजनशीलतासहितको आफ्नो परिवेश अनुसारको हुनु आवश्यक छ। यी सबै कामहरु कसरी सम्भव भए भनेर आज हामी नेपालीले सकारात्मक भावका साथ चिन्तन मनन गर्नु जरुरी छ।

चीन कल्पनातीत मात्रामा आफ्नो सारा क्षमताका साथ अभूतपूर्व सफलतासहित अगाडि बढिरहेको अवस्थामा नेपाल पनि विश्व परिवेश अनुरुप नयाँनयाँ योजनाका साथ अघि बढ्नु जरुरी छ। प्रश्न नेपाली नेताहरुले चीनबाट के ल्याए वा चीनले नेपाललाई के दियो भन्ने होइन, दुःखको कुरा मगन्ते दृष्टिकोणका आधारमा हामी सोचिरहेका छौं। मूल कुरा के हो भने जनता नै इतिहासका निर्माता हुन् भन्ने भावलाई आत्मसात गर्दै मुक्ति, न्याय र समानताको अभिप्रेरणा प्रदान गर्ने चीन अहिले संसारका साम्यवादी र गैरसाम्यवादी सबै मुलुकका लागि भरोसायोग्य राष्ट्रको रुपमा उभिन सफल भएको छ।

सात दशकअघि अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा रहेको चीनको प्रगति सबैका लागि अनुकरणीय रहेको छ आज। १८४० को अफिम युद्ध, १८५१ को ताइपिङ किसान विद्रोह, १८९४ को जापानविरोधी युद्ध, १९०५ को रुसविरोधी युद्धकै क्रममा सन् १९११ मा डा. सन यात्सेनको नेतृत्वमा कुओमिन्ताङले दुई हजार वर्ष पुरानो सामन्ती निरंकुश मञ्चु राजतन्त्रको अन्त गरी गणतन्त्रको स्थापना भयो। सन् १९२१ मा छन् त श्यूको नेतृत्वमा चिनियाँ कम्युनिष्ट पार्टीको स्थापना गरिएको र स्थापनापछि कम्युनिष्ट पार्टीले राष्ट्रवादी मानिएको कुओमिन्ताङसँग सहकार्य शुरु गरेको थियो, तर कुओमिन्ताङका संस्थापक प्रजातन्त्रवादी नेता सन यात्सेनको सन् १९२५ मा मृत्यु भएपछि कुओमिन्ताङ जमिन्दार, सामन्त, ठूला-ठूला पुँजीपति र प्रतिक्रियावादीहरुको पक्षपोषण गर्ने जनविरोधी प्रतिगामी गुटमा परिणत भयो।

चिनियाँ कम्युनिष्ट पार्टीले सन् १९२४ देखि १९२७ सम्म पहिलो पटक, सन् १९३१ मा दोस्रो पटक र सन् १९३७ मा तेस्रो पटक पार्टीको लक्ष्य प्राप्त गर्न ठूला अभियान सञ्चालन गऱ्यो। माओत्सेतुङले गाउँबाट शहर घेर्ने फौजी कार्यनीतिहरुको सफल ऐतिहासिक प्रयोग गर्दै वर्गसंघर्ष सम्बन्धी मार्क्सवादी प्रस्थापनाहरुलाई चिनियाँ वर्ग अन्तरविरोधपूर्ण समाजमा मौलिक ढंगले माथिल्लो उचाइबाट संश्लेषण गरे। वस्तुगत सामाजिक धरातलमा ऐतिहासिक सम्भावनाको मर्मसहित समग्र कार्यदिशा, कार्यनीति र रणनीतिहरु अख्तियार गरेर मात्र चीनमा क्रान्ति सम्पन्न भएको हो। दक्षिणपन्थी विसर्जनवाद, अवसरवाद, वामपन्थी दुस्साहसवाद, वामपन्थी जडसूत्रीय तथा हुकुमपन्थी प्रवत्ति तथा चिन्तनका विरुद्ध संघर्ष गर्दै सही र वस्तुवादी राजनीतिक कार्यदिशाकै कारण चीनले दासताबाट मुक्ति पाएको हो।

सन् १९४९ अक्टुबर १ मा नयाँ जनवादी राज्यव्यवस्था स्थापनाको घोषणा गर्दै माओले क्रान्ति सम्पन्न नभएको क्रान्तिको प्रारम्भ भएको बताएका थिए। उनले भ्रष्टाचार, फजुलखर्ची र नोकरशाही ढिलासुस्तीका विरुद्धमा लाग्ने र घुसखोरी, कर भुक्तानीमा धोखाबाजी, राज्यसम्पत्तिको चोरी, सरकारी ठेक्कामा छलकपट, राज्यको सूचनाको चोरी जस्ता अपराधलाई कडाइका साथ नियन्त्रण गरिने बताएका थिए। उनले उत्पादन बढाउने काम जनताको मात्र नभएर पार्टी कार्यकर्ता र सेनाको पनि भएकोमा जोड



दिएका थिए। बुर्जुवा उदारवादी र संशोधनवादी धाराविरुद्ध कडा संघर्षकै क्रममा समाजवादी समाज निर्माण गर्ने कि सुधारसहितको पूँजीवादी निर्माण गर्ने सबालमा घनीभूत अन्तर संघर्ष भएको थियो र दोस्रो पञ्चवर्षीय योजना अन्तर्गत १९५८ देखि १९६१ सम्म माओको नेतृत्वमा महान अग्रगामी छलाङ सम्पन्न गरियो र त्यसका लागि मुख्यतः तीव्र औद्योगिकीकरण र ठूला-ठूला कम्यून खेतीको विस्तारलाई जोड दिइएको थियो।

त्यसैगरी सन् १९६६ देखि १९७६ सम्म महान सर्वहारा सांस्कृतिक क्रान्ति सम्पन्न भयो, जसले समाजवाद निर्माणको दिशामा चीनलाई दृढतापूर्वक डोऱ्यायो। माओले पटक-पटक पार्टीभित्र र बाहिर निम्न पुँजीवादी चिन्तन अनुभववाद, ढुलमुले दक्षिणपन्थी मध्यपन्थी प्रवृत्ति मनोगतवाद, संकीर्णतावाद, तीव्र वा शीघ्र विजय वा परिवर्तनको आशा, क्रान्तिकारी लफ्फाजी, क्षेत्रवाद, आत्मकेन्द्रित व्यक्तिवाद, नोकरशाही कुलीनवाद जस्ता सबै गैरक्रान्तिकारी प्रवृत्तिविरुद्धमा निर्मम संघर्ष गरेका थिए र माओले आजको चीनको आधुनिकीकरणको जग बसाएका थिए। चीनको शिक्षा र अर्थव्यवस्थालाई माओ र झोउ एनलाई जस्ता पहिलो पिँढीका नेताहरुको मृत्युपछि चीनले देंग जियाओपिंग (१९०४-१९९७) को पहलमा राजनीतिक र आर्थिक सुधारको श्रृंखला आरम्भ गऱ्यो।


देंगले चीनको आर्थिक पुनर्संरचनामा सबैभन्दा ठूलो भूमिका खेलेका छन्। उनी दोस्रो पुस्ताका नेतृत्वका लागि एक उदाहरण बने र बजार अर्थतन्त्र र साम्यवादी सोचलाई मिलाएर अघि बढ्न सकिने व्यावहारिक विचारका देंगलाई सुधारका परिकल्पनाकार मानियो। चिनियाँ विशेषतासहितको समाजवादलाई चिनियाँ कम्युनिष्ट पार्टीको आधिकारिक विचारधाराको रुपमा विकास गरियो। सार्वजनिक क्षेत्रलाई प्राथमिकतामा राखेर समाजवादी बजार अर्थतन्त्रलाई विकास गर्न सकिने र शैशव अवस्थामा रहेको समाजवादलाई संस्थागत गरी लैजान चिनियाँ सरकारका उदार तथा लचकदार आर्थिक नीतिहरु अवलम्बन गर्न महत्वपूर्ण भूमिका हुनेमा देङको दृढविश्वास थियो। देङको विचारमा बजार अर्थतन्त्र भनेको पुँजीवादी अर्थतन्त्र होइन र यो शुद्ध समाजवादी अर्थतन्त्र पनि होइन, यो त राज्यको योजनाबद्ध अर्थतन्त्र अन्तर्गतको बजारमुखी ताकतसहितको आर्थिक गतिविधि हो। शास्त्रीय मार्क्सवादका अनुसार पुँजीवादको चरम विकास भएको मुलुकमा मात्र समाजवादी क्रान्ति सम्भव हुन्छ र त्यसले मात्र क्रान्तिको वस्तुगत अवस्था तयार पार्छ।

यही मान्यतालाई आधार बनाएर चीन अहिले पुँजीवादी अर्थतन्त्रको विकास गर्न चाहन्छ र त्यसलाई समाजवादतर्फ मोड्न चाहन्छ। कम्युनिष्ट पार्टीको सोच मार्क्सवादको नयाँ प्रयोग हो। कतिपयले चीनले अङ्गिगार गरेको मार्क्सवादी बाटो शास्त्रीय मार्क्सवादभन्दा फरक रहेको बताएका छन्। चीनले छोटो समयमा तीव्र आर्थिक विकासको संसारसामु उदाहरण पेश गऱ्यो। १९५० को दशकमा माओका मुख्य सहयोगी रहेका देङले शुरु गरेका १९७८ पछिका सुधारका कारण चिनियाँ समाजको मानसिकतामा व्यापक परिवर्तन आएको छ। देशको सामाजिक, राजनीतिक र आर्थिक स्थिरताका लागि सुधारको मुख्य भूमिका रहेको छ। चीनले विकासको क्षेत्रमा आफ्नो गति अर्थशास्त्रका सिद्धान्तले पनि राम्ररी ब्याख्या गर्न सहज नहुने गरी संसारलाई चकित बनाउने गरी बढाइरहेको छ, अल्पविकसित मुलुकबाट विकासोन्मुख मुलुकमा विकास हुन चाहिरहेको नेपालका लागि यो विशिष्ट उदाहरण हुनसक्छ।

उद्यमशीलता र दूरदर्शितासहित चीन प्रतिष्पर्धात्मक संसारमा अब्बल साबित हुँदै आफ्नो बजार विस्तारमा लागीरहेको छ। चीनबाट आर्थिक विकासका विविध क्षेत्रमा सहयोगका साथमा हामीले सिक्ने बढी हो। मुलुकमा दिगो र दीर्घकालीन विकास गर्न सक्दा मात्र भविष्यमा मगन्ते अर्थतन्त्रबाट मुक्त संस्कृतिको विकास गर्न सकिन्छ। चिनियाँ विशेषतासहितको समाजवादी राज्यको निर्माणमा वर्तमान राष्ट्रपति सि जिन पिङको नेतृत्वमा चीनअघि बढिरहेको छ। समाजवादी राजनीतिक ढाँचामा लोकतन्त्रको आयामहरु थपेर जनताको सुख र स्वतन्त्रतालाई सँगसँगै लैजाने नितान्त नवीन चिन्तन र प्रयोगको बाटोबाट अघि बढिरहेको चीनबाट आर्थिक, भौतिक, वैचारिक क्षेत्रमा हुन सक्ने सहयोग लिन आवश्यक छ र नेपाललाई भू-परिवेष्ठित मुलुकको रुपमा रहेको भन्दै निराशासहितको कुण्ठाबाट मुक्ति पाउन जरुरी छ। दुबै छिमेकी मुलुकसँग समदूरी, समहैसियत र समभावका साथ मित्रताको डोरीमा बाँधिन आवश्यक छ।

*tirthakharel2028@gmail.com*

# बृहत् चुनावी मोर्चाको खाँचो



बद्रीप्रसाद खतिवडा

**आम मतदाताले आगामी निर्वाचनमा भ्रष्ट पुराना दल र ती दलका नेतृत्वहरुको बासी अनुहारको साटो नयाँ विनयशील स्वच्छ युवा वर्गको नेतृत्व खोजेका छन्।**

सात दशक बितिसक्दा पनि नेपालको राजनीतिले सही दिशा लिन सकेन। किन ? यो प्रश्नको उत्तर खोज्न २००७ सालतिरको इतिहासमा पुग्नु पर्दछ। छिमेकी देश भारत र चीनको स्वतन्त्रता र नेपालको प्रजातन्त्र प्राप्तिको क्रान्ति एकै समयमा सकिएको थियो। ती छिमेकी देशमा एकै पटकको क्रान्तिले स्थायी राजनीतिक दिशा समात्यो। २००७ सालको हाम्रो क्रान्तिले भने पूर्णता पाएन र त्यसयता २०३६, २०४६ र २०६३ सालमा क्रान्ति दोहोरी रह्यो। अहिले देश गणतन्त्रमा गइसक्दा पनि थप क्रान्तिका लागि तात्तातो बहस तथा हिंसात्मक गतिविधि जारी नै छन्। मोहन वैद्य, विप्लव आदि यसका उदाहरण हुन्।

भारत, चीन, भियतनाम, दक्षिण अफ्रिका आदि मुलुकमा एउटै क्रान्तिले पूर्णता पाउनुका मूलतः तीन कारण छन्- पहिलो ती देशका क्रान्तिकारीहरुले आफ्नै भूमिलाई क्रान्तिको आधार बनाए। दोस्रो आफ्नै देशको मौलिकतालाई समातेर क्रान्ति गरे जस्तैः चीनमा माओको नेतृत्वमा किसान मजदुरको सशस्त्र जनवादी क्रान्ति र भारतमा गान्धीको नेतृत्वमा सत्याग्रह। तेस्रो ती देशका क्रान्तिकारीहरुले क्रान्तिको लगाम आफ्नै पकडमा राखे। नेपालको हकमा भने माथि उल्लेखित तीन पक्षको अभावका कारण क्रान्ति गिजोलिएर अधुरो रहन गयो। २००७ सालको क्रान्तिमा भारतीय भूमिलाई आधार बनाइयो र उक्त क्रान्तिको समापन दिल्ली सम्झौताबाट भयो। यो दिल्ली सम्झौतामा क्रान्तिका अग्रणी नेता वीपी कोइरालालाई साक्षी बस्नेसम्मको अवसर पनि दिइएन। त्यसैगरी माओवादीको १० वर्षे सशस्त्र विद्रोहमा तालिम र भरणपोषण भारतमा निर्भर रह्यो। २०६३ सालको राजतन्त्र समाप्ति र गणतन्त्र स्थापनाको आन्दोलन पनि माओवादी लगायतका आठ राजनीतिक दलका नेताहरुले दिल्लीको रोहवरमा १२ बुँदे सम्झौता गरेर टुंग्याइयो।

महाघातक कोरोना व्याधीले नबिथोलेको खण्डमा संविधानतः करिब अबको दुई वर्षपछि राज्यको तीनै तहको आम निर्वाचन हुनेछ। आम मतदाताले आगामी निर्वाचनमा भ्रष्ट पुराना दल र ती दलका नेतृत्वहरुको बासी अनुहारको साटो नयाँ विनयशील स्वच्छ युवा वर्गको नेतृत्व खोजेका छन्। जसरी केराबारीमा गवारो लागेको खण्डमा ती केरालाई जरैसम्म उखेली खाल्टोमा जलाएर नयाँ निरोगी केराका पोथ्रा रोपिने गरिन्छ। त्यसरी नै पुराना तीन दललाई विस्थापित गरी नयाँ युवाहरुको नेतृत्व स्थापित गर्न जरुरी छ। त्यो युवा नेतृत्व र सांगठनिक स्वरुप यो पंक्तिकारको परिकल्पना अनुसार निम्न प्रकारको होस् भन्नेछ :-

जनप्रतिनिधिको हैसियतमा ३० वर्षदेखि लगातार मुलुकको साधनस्रोत माथि रजाई गर्दै आएका हालका सत्तासीन तीन ठूला दल- नेपाल कम्युनिष्ट पार्टी, नेपाली कांग्रेस र जनता समाजवादी पार्टीलाई विस्थापित गर्न त्यति सहज छैन। तापनि अब जनताले सही नेतृत्व पाएको खण्डमा ती दलहरुलाई राज्यसत्ताबाट विस्थापित गर्न असम्भव भने हुँदै होइन। तसर्थ यी जनविरोधी ठूला राजनीतिक दलबाट जनतालाई मुक्त दिलाउन नयाँ वैकल्पिक शक्तिको टड्कारो आवश्यकता छ। यसका लागि जनताले निर्वाचनमा भाग लिने उद्देश्यका साथ नेकपा, नेकां र जसपा इतरका स्वदेश तथा प्रवासका सम्पूर्ण शक्तिहरु समेटेर बृहत् साझा मोर्चा गठन गरी उक्त मोर्चाको मातहत दुईवटा परिषद् गठन गर्न सकिनेछ। यसमा पुराना दलहरुमा ने म कि पा देखि नयाँमा साझा विवेकशील जस्ता पार्टीहरु पर्दछन्। नवोदित उक्त मोर्चाको मातहत निम्न दुई मोर्चा गठन हुनेछन्- १) ४५ वर्षसम्म उमेर समूहको युवा वर्ग सम्मिलित राजनीतिक परिषद् र २) मुलुकमा छरिएर रहेको ४६ वर्ष र माथिका हजारौं प्रौढ तथा जेष्ठ नागरिकको प्रतिनिधित्व गर्ने जेष्ठ नागरिक सल्लाहकार परिषद्।

यी दुबै परिषद्को काम-कर्तव्यको विभाजन मोर्चाको विधानमा उल्लेखित हुनेछ। दुबै मोर्चाको इज्जत समान हुनेछ। निर्वाचनमा युवा परिषद्ले उम्मेदवारी दिनेछ। तत्तत् निर्वाचन क्षेत्रभित्रका मोर्चाका सदस्यहरु मध्येबाट धेरै मत प्राप्त गर्नेले आम निर्वाचनको लागि उम्मेदवारी वैधता पाउनेछन्। उम्मेदवारी दिँदा पुरुष र महिलाको संख्या बराबरी दिनुपर्नेछ। सबै तहको राजनीतिक परिषद्को सञ्चालक युनिटमा महिला र पुरुषको सहभागिता पनि समान हुनेछ। सल्लाहकार परिषद्मा मुलुकको समृद्धिप्रति चिन्तित असल चरित्र भएका जेष्ठ नागरिकहरु मध्येबाट सहभागिता गराइनेछ। यसरी जेष्ठ नागरिकहरुलाई संलग्न गराइएको सल्लाहकार परिषद् विश्वका लागि नौलो अभ्यास हुनेछ। संघ, प्रदेश र सबै पालिकाहरुमा जेष्ठ नागरिक परिषद् हुनेछ। यसोगरी प्रौढ र जेष्ठ नागरिकहरुलाई मूल प्रवाहीकरण गर्दा ५०औं हजार नागरिकले राष्ट्र निर्माणमा भूमिका निर्वाह गर्नेछन्।

यो बृहत् साझा मोर्चा नेपालको वर्तमान संविधानले प्रदत्त गरेका अधिकारबाट असन्तुष्ट रहेका नागरिक समूहहरुलाई पनि समेट्नको लागि स्वीकार्य हुनेछ। यो साझा मोर्चामा सत्तासीन तीन दल इतरका साना-ठूला सबै दलहरुलाई समेटेर बनाइनेछ। यो बृहत् साझा मोर्चाले हालसम्म राज्यबाट सम्बोधन नगरेका केही जनताका मूल मुद्दाहरु उठाउनेछ। आम मतदाताहरुको नबुझेको मतबाट विजय हुनुभन्दा जनताको चेतना उठाउने मूल काम मोर्चाले गर्नेछ। साथै चुनाव वा अन्य बेला आफ्ना दलका वा अन्य दलका नेताहरुसँग प्रश्न गर्ने बानी बसाल्न र चित्तबुझ्दो जवाफ दिने दललाई मात्र मतदान गर्न मोर्चाले अपिल गर्नेछ। मूलभूतरुपमा मोर्चाले जनतासामु उजागर गर्ने मुद्दाहरु निम्नानुसार हुनेछन् :

१. जीवराज आश्रितसहितको जननेता मदन भण्डारीको २०५० सालको संदिग्ध दासढुंगा हत्याकाण्डको न्यायीक जाँच किन हुँदैन ? स्व. भण्डारीकी धर्मपत्नी मुलुकको राष्ट्रपति र उहाँकै दल सत्तामा रहेको बेलामा पनि छानविन जाँच ढीलो गर्दा प्रमाणहरु नष्ट हुँदैछन्। यो हत्याकाण्डका अपराधी उम्किन नपाउन्।
२. तत्कालिन संविधानका संरक्षक एवं राष्ट्रका अभिभावक राजा वीरेन्द्रसहित वंश हत्याको छानविन गरी दोषी पत्ता लगाई कारवाही गरियोस्। राजतन्त्रको पक्षमा आन्दोलनरत् समूहहरुले पनि किन मौनता साँधेका हुन् ?
३. संघ र प्रदेशको जनप्रतिनिधि सभामा मनोनित प्रथा पूर्ण निषेध गरिनुपर्छ। निर्वाचन प्रणाली प्रत्यक्ष मात्र राख्नुपर्नेछ।
४. रोजगारीको अभावमा विदेशिएका नागरिकको लागि सम्बन्धित मुलुकबाट मतदान गर्ने व्यवस्था गरिनुपर्नेछ। यदि यो व्यवस्था नगरिएको खण्डमा हाललाई यो मोर्चाले भारत, खाडी मुलुक र दक्षिण-पूर्वी एशिया क्षेत्रबाट एक/एक जना प्रतिनिधित्व गरिनेछ।
५. देशको समग्र विकासमा सहभागिता गराई लगानीको सुनिश्चितता गर्न गैरआवासीय नेपाली नागरिकहरुको संघीय प्रतिनिधि सभामा आलंकारिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ।
६. गत ५० को दशकमा अमेरिकाको न्युजर्सी राज्यको व्यापारी क्रिश्चियन क्रामर जनताको आँखा छलेर तत्कालिन राजा र प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाको मिलीभगतमा चार सय ५० टन ऐतिहासिक एवं पुरातात्विक महत्वका सामग्रीहरु बिक्री गर्ने गलत कार्य गरिएको थियो। यी सामग्रीको फिर्ता तथा सम्बन्धित ठाउँमा यथास्थितिमा पुऱ्याइयोस् र यो कार्यमा संलग्नहरु प्रति मुद्दा चलाइयोस्। (यो पंक्तिकारको जन्मस्थल मकवानपुरगढीबाट साना-ठूला गरी १३ थान तोप र गोलाहरु २०३६ सालमा सैनिक लगाएर हटाइयो।)
७. छुवाछुत जस्तो अमानवीय कु-प्रथाबाट ५५-६० लाख जनता नारकीय जीवन बिताइरहेका छन्। छुवाछुत कु-प्रथा हिन्दू धर्ममा तीन सय वर्षदेखि चलिआएको भए पनि तर अन्य धर्ममा नरहेकोले राज्यले ती विभेदमा परेका जनतासँग माफी माग्दै राज्यको तर्फबाट वार्षिक बजेटको एक प्रतिशत रकम छुवाछुतमा परेकाको शिक्षादिक्षामा लगानी गर्नुपर्नेछ। यो कु-प्रथा कायम राख्ने व्यक्तिका लागि चेतनामूलक र जागरणमूलक कानून बनाई दण्डित गर्ने व्यक्तिलाई कम्तिमा तीन महिनाको कैद सजायको प्रबन्ध गरिनेछ। कैद मिनाह गर्नुपर्दा अपराध गर्ने व्यक्ति लगायत अन्य गैर दलितहरु सम्मिलित एक सय जनासम्मले क्षमायाचना गरेको खण्डमा एक महिना र दुई सय जनासम्मले क्षमायाचना गरेको खण्डमा दुई महिनासम्म कैद मिनाह गर्न सकिनेछ। त्यसैगरी मुक्त कमैया, हलियाको लागि निजहरुले खेतीपातीको लागि चर्चेको जग्गाजमिनको आधाको प्रबन्ध गर्ने तथा वादी समुदायका नागरिकहरुको सम्मानपूर्ण जीवनयापन गर्नको लागि शिक्षा, स्वास्थ्य तथा जिविकाको आधार तयार गर्नुपर्दछ।
८. प्रत्येक नागरिकको वैयक्तिक विवरण खुल्ने गरी विद्युतीय परिचयपत्र निर्माण गरी एक वर्षभित्र वितरण गरिनेछ।
९. प्रजातन्त्र पुनर्स्थापना पछि सामाजिक पदधारण गरेका वेतनभोगी व्यक्तिहरु, जनप्रतिनिधिहरु, कर्मचारीहरु र अवैध तरिकाले सम्पत्ति कमाएको आशंका गरिएका व्यक्तिहरुको सम्पत्ति छानविन गरिनुपर्नेछ।
१०. न्यायालयमा हुने गरेको दलीय राजनीति, भ्रष्टाचार, ढिलासुस्तीबाट आम नागरिकहरुलाई संरक्षण गर्न न्यायाधीश नियुक्तिको लागि सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीशहरु र कानूनमन्त्री रहेको न्याय परिषद् गठन गरिनेछ।
११. माओवादी द्वन्द्वको समयमा भए/गरेका अपराधिक घटनाहरुको छानविन गरी दोषी माथि कानूनी कारवाही गर्नुका साथै सत्य निरुपण कार्यलाई सम्पन्न गरिनेछ। किसानको लागि नेपालमा नै मल कारखाना सञ्चालन गर्न प्राथमिकता दिइनेछ।
१२. प्रजातन्त्र पुनर्स्थापना पछि सरकारद्वारा बेचिएका र बन्द रहेका उद्योग कारखानाहरूलाई सहकारी मार्फत राज्यको तर्फबाट पुनः सञ्चालन गर्नुपर्नेछ।
१३. सार्वजनिक यातायातमा जारी सिण्डिकेट वास्तविक रुपमा खारेज गरी यात्रुहरुको जायज भाडा, नागरिकहरुको सुरक्षा, समय, सुविधा तथा त्यहाँ कार्यरत् कामदारहरुको गुणस्तरीय जीवन निर्वाहको व्यवस्था हुनेगरी सार्वजनिक यातायात प्रणाली पुनर्व्यवस्थित गरिनेछ।

यो विषयवस्तुहरुमा देशव्यापी बहस विमर्शमा भाग लिनुहुन सम्पूर्ण विद्वतर्गहरुलाई आह्वान समेत गर्दछु।

